जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २०२ २०८० साल चैत २ गते शुक्रबार (15 Mar. 2024 Friday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : विश्व मिर्गौला दिवस : डायलायसिस... ३ पृष्ठमा : टिकटक माथि प्रतिबन्ध ... ४ पृष्ठमा : मन्दिरभित्रको मूर्ति...

# कानुन व्यवसायीलाई सम्मान गर्ने उद्देश्यले बाबुआमाको सम्झनामा पूर्वक्याम्पस प्रमुख पोखरेलद्वारा अक्षयकोष स्थापना



**दैनिक समाचारदाता**
**राजविराज, १ चैत ।**

महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजविराजका पूर्वक्याम्पस प्रमुख विष्णुप्रसाद पोखरेलले आफ्नो बुबाआमाको सम्झनामा एक जना कानुन व्यवसायीलाई सम्मान गर्ने उद्देश्यले राजविराज उच्च अदालत बार एशोसिएशनलाई अक्षयकोष स्थापनाका लागि चेक हस्तान्तरण गरेका छन् ।

राजविराज उच्च अदालत बार एशोसिएशनको सभाहलमा बिहीबार आयोजित अक्षयकोष स्थापनाका लागि चेक हस्तान्तरण कार्यक्रममा पूर्वक्याम्पस प्रमुख पोखरेलले २ लाख १ हजार रकमको चेक उच्च बारका अध्यक्ष हरेराम यादवलाई हस्तान्तरण गरेका हुन् ।

आयोजित कार्यक्रममा पूर्वक्याम्पस प्रमुख पोखरेलले बुबा काशीराज उपाध्याय र आमा गंगादेवीको सम्झना स्वरुप उक्त अक्षयकोष स्थापनाका लागि अग्रसरता देखाएको बताए ।

“बुबा काशीराज कानुन व्यवसायी हुनुहुन्थ्यो, न्याय क्षेत्रमा थोरै भएपनि योगदान पुऱ्याउनु भएका पिताको सम्झनामा यो अक्षयकोष स्थापनाका लागि सहयोग गरेको हुँ, उनले भने, “यस अक्षयकोषको ब्याजको रकमबाट प्रत्येक वर्ष कानुन दिवसको अवसरमा सार्वजनिक सरोकार, नागरिक हक संरक्षण, समाजसेवाको रुपमा सप्तरीलाई कार्यक्षेत्र बनाएर महत्वपूर्ण योगदान पुऱ्याएका एक जना व्यक्तित्वलाई सम्मान गर्नु हो ।”

पूर्वक्याम्पस प्रमुख पोखरेलले आउँदो २०८१ सालको कानुन दिवसमा एक जना व्यक्तित्वलाई सम्मान गर्नका लागि सोही चेकमा १५ हजार रकम थप गरि हस्तान्तरण गरे ।

आफू क्याम्पस प्रमुखबाट अवकाश प्राप्त गर्ने बेलामा मविव क्याम्पस राजविराजमा ३० लाखको अक्षयकोष स्थापना गरेको स्मरण गर्दै उनले हाल सो अक्षयकोषको अवस्था अनभिज्ञ रहेकोले बुबाआमाको नामबाट बारलाई उपलब्ध गराइएको अक्षयकोषको सदुपयोग हुनेमा कुरामा विश्वस्त रहेको उनको भनाई थियो ।

सो कार्यक्रममा उच्च बारका पूर्वअध्यक्ष श्यामनारायण साहले यस्तो अक्षयकोष स्थापना स्वागतयोग्य रहेकोले पूर्वक्याम्पस प्रमुख पोखरेलप्रति आभार व्यक्त गरे । कार्यक्रममा वरिष्ठ अधिवक्ता सुजितकुमार पोखरेलले यस्ता कार्यले सम्पूर्ण कानुन व्यवसायीहरुको मनोबल बढ्नुका साथै अन्य तर्फबाट पनि कोषको रकमलाई बढाउन र सदुपयोग गर्नेतर्फ वर्तमान कार्यसमितिलाई ध्यानाकर्षण गराए ।

उच्च बारका कोषाध्यक्ष उमाशंकर देवले आउँदो बैशाख २६ गते कानुन दिवस रहेकोले वर्तमान कार्यसमितिले यसका लागि चाडै नै बैठक बसेर कार्यक्रम तय गर्ने बताए । उनले राजविराज वडा नं. ७ निवासी स्व. काशीराज उपाध्याय बि.स. २०२६ सालदेखी २०४५ सालसम्म सप्तरीलाई कार्य क्षेत्र बनाएर कानुन व्यवसायीको रुपमा कार्यरत रहेको जानकारी समेत दिए ।

उच्च बारका अध्यक्ष हरेराम यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा सचिव दानोदेवी चौधरीले कार्यक्रम संचालन तथा उपाध्यक्ष धर्मेन्द्र यादवले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# पशुचौपायामा लाग्ने रोग विरुद्ध खोप अभियान सुरु



**दैनिक समाचारदाता**
**राजविराज, १ चैत ।**

राजविराज नगरपालिकाले पशु चौपायालाई विभिन्न रोगबाट जोगाउन र पशुपालक किसानलाई राहत प्रदान गर्ने उद्देश्यले पशुचौपायामा लाग्ने रोग विरुद्ध खोप अभियान सुरु गरेको छ ।

पशुपंक्षी विकास शाखामार्फत पहिलो चरणमा नगरक्षेत्रका किसानहरुसँग रहेको बाखालाई पीपीआर रोग विरुद्धको खोप लगाउने काम विहीवारदेखि सुरु गरिएको हो ।

अभियान अन्तर्गत नगरक्षेत्रका पशुपालकसँग रहेको झण्डै ६ हजार बाखालाई उक्त खोप लगाउने तयारी भएको नगरपालिकाको पशुपंक्षी विकास शाखाका प्रमुख परमेश्वर यादवले जानकारी दिए ।

दोश्रो चरणमा गाईवस्तुमा हुने खोरेत रोग विरुद्धको खोप लगाईने तयारी भईरहेको उनले जानकारी दिएका छन् । अभियान अन्तर्गत नगरपालिकाबाट पशुचिकित्सक र प्राविधीकको टोली पुगेर खोप लगाउने तथा पशु रोग विरुद्ध पशुपालकलाई सचेत पार्ने काम पनि सुरु भएको कार्यवाहक नगर प्रमुख इसरत परवीनले बताइन ।

नगरपालिका क्षेत्रका सबै १६ वटै वडामा संचालन हुने यो अभियानले पशु चौपायाको सुरक्षा र पशुपालक किसानको लगानी सुरक्षित हुने विश्वास गरिएको छ ।

# यात्रुवाहक जिप दुर्घटना हुँदा आठ जनाको मृत्यु

टक्सार (भोजपुर), १ चैत (रासस) ।

धरानबाट भोजपुर घोरेटारतर्फ जाँदै गरेको यात्रुवाहक जिप दुर्घटना हुँदा आठ जनाको मृत्यु भएको छ ।

घटनास्थलमा नै सातजनाको मृत्यु भएको थियो भने थप एकजनाको धरानमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

धरानबाट भोजपुरको दक्षिणतर्फ आउँदै गरेको को१ज २५९३ नम्बरको जिप बिहीबार बिहान १०:३० बजेतिर उदयपुरको बेलका ७ मैनामैनीमा दुर्घटना भएको थियो । जिपमा क्षमताभन्दा बढी यात्रु सवार रहेको देखिएकाले दुर्घटना भएको देखिएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक (डिएसपी) सुदीपराज पाठकका अनुसार मृतक सबैको सनाखत भएको छ ।

मृत्यु हुनेमा इटहरी–९ का चालक ४० वर्षीय मानबहादुर बस्नेत, भोजपुरको हतुवागढी गाउँपालिका–२ का ७० वर्षीया पर्वतमाया राई, सोही वडाका २३ वर्षीय चन्द्रप्रकाश राई, छ महिनाकी बालिका बिसाङ चाम्लिङ राई, हतुवागढी–५ की ३२ वर्षीया राजकुमारी राई, हतुवागढी–९ का ६८ वर्षीय पदमबहादुर थापा, ४५ वर्षीया

*बाँकी दुई पृष्ठमा*

# आपत्तिजनक तस्बिर टाँसेको आरोपमा दुईजना पक्राउ

**दैनिक समाचारदाता**
**जनकपुर, १ चैत ।**

उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवको बारेमा आपत्तिजनक तस्बिर विभिन्न स्थानमा टाँसेको आरोपमा धनुषा प्रहरीले दुई जनालाई बुधबार राति पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिकावडा नं. ७ का पंकज झा र वडा नं. १ का मनिष पूर्वे रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले कुकुर बाँधेको डोरी समाएको र कुकुरको टाउकोको ठाउँमा उपप्रधानमन्त्री यादवको टाउको जोडेर पम्प्लेट टाँसेको आरोपमा उनीहरुलाई पक्राउ गरेको प्रहरीले जनाएको छब्रास ।

धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक रञ्जन आवाका अनुसार प्रहरीले उनीहरू विरुद्ध मुद्दा चलाउने जनाएका छन् ।

उपभोक्ता अधिकारको रक्षा गरौं ।

- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाईको अधिकार हुन्छ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
- गुणस्तरहीन वस्तु र सेवाबाट हानी पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ।

उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्यरुपमा मनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विद्यालय बाहिर रहेका बालबालिकाप्रति गम्भिर बन

सरकारले प्रत्येक वर्ष विद्यालय रहेका बालबालिकाहरुलाई लक्षित गरि विद्यालय भर्ना अभियान संचालन गर्ने गरेको छ । यसपटक पनि सोही अभियानलाई निरन्तरता दिइने छ । अबको एक महिनापछि उक्त अभियानले पुनःनिरन्तरता पाउने हो । विगतमा संचालन भएका उक्त अभियानले विपन्न वर्गका बालबालिकाहरुलाई विद्यालयभित्र पुऱ्याउन असक्षम बनेको छ । अर्को शब्द भन्ने हो भने अभियानको लक्ष्य पुरा हुन सकेन् ।

सप्तरीका विभिन्न ग्रामिण भेगका दलित, अतिविपन्न, मुसहर समुदायका बालबालिकाहरु अझै शिक्षाको पहुँचबाट टाढा छन । सरकारले शिक्षामा बर्षेनी करोडौंको लगानी गरेपनि बालुवामा पानी हाले सरह नै भएको छ । जिल्लाका विभिन्न ग्रामिण भेगका ती समुदायका बालबालिकाहरु पढ्ने उमेरका विभिन्न घरायसी कामका गर्नुका साथै अरुको घरमा मजदुरी गरी आफ्नो गुजारा गर्दै आएका छन । रहर होईन बाध्यतावस ती समुदायका बालबालिकाहरु अरुको घरमा मेहनत मजदुरी गर्नुका साथै गाई, गोरु, भैसी, बाखा चराउँदै दिन बिताउँदै आएका छन । स्थानीय अभिभावकहरु जागरुक नभएकै कारण तथा सरकारी उदासिनताका कारणले ती समुदायका बालबालिकाहरु अझै शिक्षाको पहुँचबाट टाढा रहेको प्रष्ट देखिन्छ । राजनीतिमा पहुँच भएका तथा आर्थिक रुपमा सबल रहेका परिवारहरुमै सरकारी सेवा सुविधा सीमित रहने गरेकाले मधेशका त्यस्ता समुदायहरु पछाडी पारिएको अवस्था छ ।

तसर्थ ती समुदायका पढाईविहिन बालबालिकालाई विद्यालयसम्म पुऱ्याउने लक्ष्य बारेमा तीनै तहका सरकार र सम्बन्धित निकायले दिर्घकालिन नीति बनाएर अघि बढ्नु बाहेकको विकल्प छैन् ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विश्व मिर्गौला दिवस : डायलायसिस भन्दा प्रत्यारोपण उपयुक्त

**शरद् शर्मा**
काठमाडौँ, १ चैत (रासस) ।

'मिर्गौला उपचारमा सबैको समान पहुँच र सुरक्षित चिकित्सकीय अभ्यास' भन्ने मूल नाराका साथ बिहीबार नेपालमा पनि विभिन्न कार्यक्रम गरी विश्व मिर्गौला दिवस मनाइँदै छ ।

वरिष्ठ मिर्गौला रोग विशेषज्ञ डा ऋषिकुमार काफ्लेले बढ्दो उमेरसँगै देखिने मधुमेह, मोटोपन, खानपानमा असन्तुलन, उच्च रक्तचाप, मुटुरोगका कारणले मिर्गौलालाई असर गर्ने बताउनुभयो । विश्वमा कुल जनसङ्ख्याको १० प्रतिशतमा मिर्गौलाको कुनै न कुनै समस्या हुने गरेको छ । सोहीअनुसार नेपालमा पनि करिब ३० लाख जनालाई मिर्गौलासम्बन्धी कुनै न कुनै रोग रहेको उहाँ बताउनुहुन्छ ।

उहाँका अनुसार नेपालमा तीन लाख जनाको मिर्गौला बिग्रिन थालेको, ३० हजार जनाको नराम्रोसँग बिग्रिसकेको र तीन हजार जना मिर्गौला रोगको अन्तिम चरणमा रहेका छन् । उहाँले ती तीन हजार जनाको मिर्गौलाको प्रत्यारोपण वा डायलायसिस गरेर मात्र उपचार सम्भव रहेको बताउनुभयो ।

उहाँले सरकारले मिर्गौला रोगको उपचारमा केन्द्रित भए पनि महँगो उपचारका कारणले सर्वसाधारणको पहुँच पुग्न नसकेको बताउनुभयो । सरकारले मिर्गौलासम्बन्धी बिरामीका लागि निःशुल्क डायलायसिस र प्रत्यारोपण गर्ने गरेको छ । साथै डायलायसिस र मिर्गौला प्रत्यारोपण गरेकालाई मासिक रु पाँच हजारसमेत दिने गरिएको छ । "सरकारले मिर्गौलाका बिरामीको उपचारका लागि प्रदेश, जिल्ला र स्थानीय तहमा डायलायसिस निःशुल्क पुऱ्याएको छ", उहाँले भन्नुभयो, "हामी उपचारमा केन्द्रित भएका छौँ, तर रोकथाम भएन ।" उहाँका अनुसार बर्सेनि आठ हजारले डायलायसिस गर्ने गरेका छन् ।

**मिर्गौला बिग्रेको कसरी थाहा पाउने ?**

वरिष्ठ मिर्गौला रोग विशेषज्ञ डा काफ्लेका अनुसार पिसाबबाट प्रोटिन गएपछि र रगतमा क्रिएटिनिन बढ्यो भने मिर्गौला बिग्रने गर्दछ । मिर्गौलाले शरीरमा भएका विषाक्त पदार्थ र अनावश्यक पानीलाई शरीरबाट फाल्ने काम गर्छ । मिर्गौलाले रगत उत्पादन गर्ने काम गर्नुका साथै भिटामिन 'डी' र क्याल्सियमलाई सन्तुलन मिलाएर राख्ने काम गर्छ । मिर्गौलाले शरीरबाट नचाहिने तत्व फिल्टर गरेर फालेर शरीरलाई स्वस्थ राख्ने गर्दछ । मिर्गौलाले गर्नुपर्ने काम गर्न सकेन भने त्यसलाई मिर्गौला बिग्रेको भन्ने बुझिन्छ ।

विशेषज्ञ डा काफ्लेले अधिकांश व्यक्ति मिर्गौला बिग्रेपछि मात्र उपचार गर्न आउने गरेको बताउनुहुन्छ । "सुरुको अवस्थामा मिर्गौला बिग्रेका बिरामीलाई थाहा हुँदैन, जब मिर्गौला बिग्रिसकेको हुन्छ अनिमात्र बिरामी अस्पतालमा आउने गर्दछन्", उहाँले भन्नुभयो, "मिर्गौलाको सुरुको चरणमा पत्ता लगाएर उपचार गर्न पाइयो भने उपचार सम्भव हुन्छ ।" उहाँले सबैको वर्षमा एकपटक अनिवार्यरूपमा पिसाब परीक्षण गराउनुपर्ने बताउनुभयो ।

**मिर्गौला प्रत्यारोपण नै यसको उपयुक्त उपचार**

मिर्गौला बिग्रेपछि डायलासिसभन्दा प्रत्यारोपण गर्नु नै उपयुक्त हुने चिकित्सकहरू बताउनुहुन्छ । डायलायसिस गरेपछि मानिसले काम गर्न नसक्ने र हप्तामा दुई/तीन पटक डायलासिस गर्नुपर्ने हुन्छ । त्यसले गर्दा महँगो पर्ने जान्छ । मिर्गौला प्रत्यारोपण गरेका व्यक्तिले काम गर्न सक्ने र जीवन पनि सहज हुन्छ ।

सरकारले मिर्गौला प्रत्यारोपण निःशुल्क गर्ने गरेको छ । मिर्गौलाको प्रत्यारोपणका लागि बिरामीलाई काठमाडौं आउनुपर्ने बाध्यता रहेको छ । नेपालमा सरकारी अस्पतालमा वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल र सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा निःशुल्क मिर्गौला प्रत्यारोपण गरिन्छ ।

केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठ मिर्गौलाका बिरामीले ९० प्रतिशत मिर्गौला बिग्रिसकेपछि मात्र थाहा पाउने हुँदा डायलायसिसभन्दा प्रत्यारोपण गर्नु नै उपयुक्त रहेको बताउनुहुन्छ । उहाँका अनुसार केन्द्रमा वार्षिक करिब दुई सय बिरामीको मिर्गौला प्रत्यारोपण हुने गरेको छ । केन्द्रले अहिलेसम्म एक हजार दुई सय १६ जनाको मिर्गौला प्रत्यारोपण गरिसकेको उहाँ बताउनुहुन्छ । वीर र शिक्षण अस्पतालले सन् २००८ देखि मिर्गौला प्रत्यारोपण सुरु गरेका हुन् । केन्द्रमा अहिले दैनिक एक सय ४० जनाको डायलायसिस हुने गरेको छ ।

निजी अस्पतालमा मिर्गौला प्रत्यारोपण गर्न रु १२ देखि १८ लाख लाग्ने गरेको छ । निजी अस्पतालमा नर्भिक अस्पताल, नेपाल मेडिसिटी अस्पताल, ग्राण्डी अस्पताल, क्रिष्ट अस्पताललगायतमा मिर्गौला प्रत्यारोपण हुने गरेको छ ।

वरिष्ठ मिर्गौला रोग विशेषज्ञ डा काफ्लेका अनुसार स्वच्छ जीवनशैली अपनाउनु नै मिर्गौला रोगबाट बच्नु रहेको छ । माछा, मासु, दूध र दही कम खाने, असन्तुलित खानेकुरा नखाने, दैनिक दश हजार पाइला हिँड्ने, प्रशस्त पानी र सागसब्जी खानुपर्ने सुझाव उहाँको छ । यस्तै अत्यधिक मात्रामा दुखाइका औषधिको प्रयोगले पनि मिर्गौलालाई असर गर्दछ ।

**लक्षण**

उहाँका अनुसार पिसाबको मात्रा घट्नु, अनुहार र आँखाको डिल सुन्निनु, शरीर सुन्निनु, पिसाबको मात्रा, गन्ध र रङमा परिवर्तन आउनुजस्ता समस्या देखिए मिर्गौलामा समस्या देखिएको हुनसक्छ । यस्तै सुरुमा थकान महसुस हुने, रगतको कमी हुने, वाकवाकी लाग्ने, फोक्सोमा पानी जम्मा भएपछि श्वास फेर्ने समस्या हुनेजस्ता मिर्गौला खराबीका लक्षण हुन् ।

**बच्ने उपाय**

उहाँका अनुसार प्रशस्त मात्रामा पानी पिउने र सन्तुलित खाना खाने गर्नु पर्दछ । मिर्गौलामा रोग लाग्न नदिन नियमितरूपमा मधुमेह तथा पिसाब परीक्षण गराउनुपर्दछ । आफ्नो इच्छाले एन्टिवायोटिक औषधि खानु हुँदैन ।

# समयमै विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउन निर्देशन

भक्तपुर, १ चैत (रासस) ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले भर्ना अभियान सुरु हुनुअगावै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुऱ्याउन निर्देशन दिनुभएको छ ।

भक्तपुरको सानोठिमीस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको बिहीबार अनुगमन गर्दै मन्त्री श्रेष्ठले कुनै पनि कक्षामा कुनै पनि विषयको पाठ्यपुस्तक अभाव हुन नहुने बताउनुभयो ।

उहाँले जनक शिक्षा सामग्री केन्द्रमा पुगेर पुस्तक छपाइको अवस्थाबारे जानकारी लिनुका साथै पुस्तक छपाइ भइरहेका स्थानको अनुगमन एवं अवलोकन गर्नुभएको थियो ।

मन्त्री श्रेष्ठलाई केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले पुस्तक छपाइको अवस्था र वितरणको प्रक्रियाबारे जानकारी गराउनुभएको थियो । मन्त्री श्रेष्ठले भन्नुभयो, "पाठ्यपुस्तक छपाई समयमै सम्पन्न हुनुपर्‍यो, पाठ्यपुस्तक समयमै विद्यार्थीको हातहातमा पुऱ्याउनु होला ।"

केन्द्रका प्रबन्ध निर्देशक झाले मन्त्री श्रेष्ठलाई भर्ना अभियान सुरु हुनुअगावै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "९५ प्रतिशत पाठ्यपुस्तक छपाइ सम्पन्न गरिसकेका छौँ, यही चैत १५ गतेभित्र बाँकी पाँच प्रतिशत पुस्तक पनि छपाइ सम्पन्न गर्छौं, चैत १५ गतेदेखि नै पुस्तक वितरण थाल्छौं, शैक्षिकसत्र सुरु हुदाँसम्म पूरै सेटमा सबै कक्षाका पाठ्यपुस्तक विद्यार्थीको हातहातमा पुऱ्याउँछौं ।"

आउँदो शैक्षिकसत्रका लागि केन्द्रले एक करोड ७५ लाख थान पाठ्यपुस्तक छपाइ गर्नुपर्नेमा एक करोड ५७ लाख थान छापिसकेको र बाँकी १८ लाख थान पुस्तक १५ दिनभित्रमा छपाइ सम्पन्न गरेर वितरण गर्न सुरु गर्ने प्रबन्ध निर्देशक झाले बताउनुभयो ।

केन्द्रले आउँदो शैक्षिकसत्रका लागि कक्षा ५ देखि १२ सम्मको पाठ्यपुस्तक छपाइको जिम्मेवारी पाएको थियो । चालु शैक्षिकसत्रका लागि गत वर्ष चैतमै कक्षा ६ देखि १२ सम्मको पुस्तक छपाइ गरेर शैक्षिकसत्र सुरु हुनेबित्तिकै विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउन सफल भएपछि यस वर्ष सरकारले केन्द्रलाई कक्षा ५ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिएको हो ।

प्रबन्ध निर्देशक झाले यस वर्ष कुनै पनि कक्षाको कुनै पनि विषयको पुस्तक अभाव हुन नदिने र गत वर्षजस्तै सेटमै पुस्तक उपलबध गराउने बताउनुभयो । उहाँले पुस्तक छपाइका लागि आवश्यक कागज, मसीलगायत कच्चा पदार्थ पर्याप्त मात्रामा खरिद गरेर राखेको र पुस्तक छपाइको काम दुई सिफ्टमा सातै दिन, २४सैं घण्टा चलिरहेको जानकारी दिनुभयो । पहिलो प्राथमिकता हिमाली क्षेत्र, दोस्रोमा पहाडी क्षेत्र र तेस्रोमा तराईमा तथा अनि मात्र उपत्यकामा पुस्तक वितरण गरिने छ । केन्द्रबाहेक उपत्यका बाहिरका नौवटा आउटलेटबाट पुस्तक वितरण गरिने प्रबन्ध निर्देशक झाले बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले अहिले २४सैं घण्टा दैनिक एक लाख थान पुस्तक छपाइ गरिरहेका छौं, २४सैं घण्टा पुस्तक पछाइको काम भइरहेको छ । छपाइ सकिएका पुस्तक सातैवटै प्रदेशका केन्द्रका प्रादेशिक कार्यालयको गोदाममा पुऱ्याउने काम भइरहेको छ । गत वर्षजस्तै यस वर्ष पनि हामी चैतदेखि पुस्तक वितरणको काम सुरु गर्छौं र समयमै विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउँछौं ।"

शिक्षा मन्त्रालयले यस वर्षको पुस्तक छपाइका लागि कक्षा १ देखि ४ सम्म निजी क्षेत्रका छापाखानालाई छपाइ तथा वितरणको जिम्मेवारी दिएको छ । प्रबन्ध निर्देशक झाले कक्षा १ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिन सरकारसँग माग गरेको भए पनि कक्षा ५ देखिको जिम्मेवारी पाएको बताउनुभयो । आगामी वर्षदेखि सरकारले कक्षा १ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिए पनि केन्द्रले फागुनभित्रै पुस्तक पछाइ सम्पन्न गरेर चैतमा वितरण सम्पन्न गर्न सक्ने उहाँको भनाइ छ ।

सरकारले गत वर्ष निजी क्षेत्रका छापाखानालाई कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक छपाइको जिम्मा दिए पनि यस वर्ष त्यसलाई खुम्च्याउँदै कक्षा ५ को पुस्तक छपाइको जिम्मेवारी निजी क्षेत्रलाई नदिई केन्द्रलाई दिएको हो ।

### यात्रुवाहक जिप ...

कमला अधिकारी र हतुवागढी-५ का ४२ वर्षीय किशन राईको सनाखत भएको प्रहरी प्रमुख डिएसपी पाठकले जानकारी दिनुभयो । किशन राईको उपचारका क्रममा मृत्यु भएको हो ।

साथै दुर्घटनामा परी गम्भीर घाइते भएकालाई उद्धार गरी उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ । इलाका प्रहरी कार्यालय घोरेटारबाट सातजना र हसनपुरबाट पाँचजना गरी १२ जना प्रहरीको टोलीलाई तत्काल घटनास्थलमा पठाएर उद्धारको व्यवस्था मिलाइएको प्रहरी प्रमुख डिएसपी पाठकले जानकारी दिनुभयो ।

दर्ता नं. ११/०६८/०६९

# जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय मलेठ-९, सप्तरी

मिति : २०८०/१२/०१

## ऋण बुझाउने ३५ दिने सार्वजनिक सुचना

यस जन ज्योती कृषि सहकारी संस्था लि. राजबिराज ९ मलेठ सप्तरीबाट बिभिन्न मिति तथा उद्देश्यमा ऋण लिएको तपशिलका सदस्यहरुले भाखा म्याद भित्र ऋण रकमको साँवा, सो साँवाको लाग्ने व्याज तथा हर्जना रकम नबुझाएकोले निजहरुलाई पटक पटक मौखिक तथा लिखित पत्राचार गरि सकिएको तत्पश्चात पनि ऋण नबुझाई अटेर गरेको हुदाँ निजहरुलाई ऋण बुझाउन आउन ३५ दिने अन्तिम पटक सार्वजनिक सुचना जारी गरिएको छ। उक्त समय भित्र ऋण बुझाउन हुन सुचित गरिन्छ। सो नगरिएमा सहकारी ऐन २०७४ को दफा ७९,८३ र सहकारी नियमावली २०७५ को दफा ३० र संस्थाको विनियम २०६८ बमोजिम निजहरुले लेखि दिएको धितो जमानत लिलाम बिक्री गरी असुल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

| क्र.स. | ऋणीको नाम | वुवा/पति | बाजे/ससुरा | ठेगाना | ऋणको उद्देश्य |
|---|---|---|---|---|---|
| १. | कृष्ण कुमार यादव | राम नारायण यादव | झवर यादव | छिन्नमस्ता गा.पा.१, वरहि विरपुर | कृषि कर्जा |
| २. | समिमा खातुन | मो. रफिक मियाँ | अबदुल जवाहर मियाँ | शम्भुनाथ न.पा. १०, जमुवा | व्यापार कर्जा |
| ३. | उर्मिला देवी महतो | शत्रुधन महतो | सुखद नोनिया | राजविराज ९ मलेठ | व्यापार कर्जा |
| ४. | शम्भु प्रसाद यादव (लाली) | नसिव लाल यादव | वृज लाल यादव | राजविराज ९ | व्यापार कर्जा |
| ५. | अमेरिका देवी साह | अमर लाल साह | विशेश्वर साह | शम्भुनाथ न.पा.१२, कुशहा | व्यापार कर्जा |
| ६. | सिरी कुमारी चौधरी | लखेन्द्र प्रसाद चौधरी | घोती लाल चौधरी | अग्निसाईर कृष्णासवरण गा.पा. ३ हाल राजविराज ८ | व्यापार कर्जा |
| ७. | सुष्मा कुमारी सिंह | राजेन्द्र प्रसाद सिंह | स्व.अनुकुल शर्मा | राजविराज ६ | व्यापार कर्जा |
| ८. | आवा देवी चौधरी | देव कुमार चौधरी | रामनाथ चौधरी | रुपनी १ | व्यापार कर्जा |
| ९. | देव कुमार चौधरी | रामनाथ चौधरी | वेदी लाल चौधरी | रुपनी १ | व्यापार कर्ना |
| १०. | सत्य नारायण मण्डल | सिरी लाल मण्डल | सुकल मण्डल | रुपनी २ पिपराही | व्यापार कर्जा |

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

# विश्व समाचार

## टिकटक माथि प्रतिबन्ध लगाउने विधेयक अमेरिकी सदनबाट पारित

वासिङ्टन, १ चैत (रासस/एएफपी)।

टिकटकले उसको चिनियाँ मूल कम्पनीसँग सम्बन्ध विच्छेद गर्न वा संयुक्त राज्य अमेरिकामा प्रतिबन्धको सामना गर्नुपर्ने विधेयक अमेरिकी संसद्को तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटिभ्सबाट बुधबार पारित भएको छ।

भिडियो शेयरिङ गर्न मिल्ने र १७ करोड अमेरिकी प्रयोगकर्ताहरूले प्रयोग गर्दै आएको चिनियाँ एप टिकटकका लागि यो कानुनले ठूलो धक्का दिने विश्लेषकहरूले बताएका छन्।

टिकटकले विश्वभर लोकप्रियतामा वृद्धि गरेको छ तर यसको चिनियाँ स्वामित्व र बेइजिङमा कम्युनिस्ट पार्टीको सम्भावित अधीनले विश्वसामस चिन्ता पैदा गरेको छ।

टिकटकका बिषयमा राजनीतिक रूपमा विभाजित वासिङ्टनमा एकताको दुर्लभ क्षण सिर्जना भएको छ। सांसदहरूले प्रस्तावित कानूनको पक्षमा ३५२ र विपक्षमा ६५ मत दिएका छन्।

रिपब्लिकन र डेमोक्र्याट दुवैले चुनावी वर्षमा टिकटकका भावुक युवा प्रयोगकर्ताहरूको क्रोधको जोखिम उठाएपछि एप प्रयोगको विपक्षमा आएको चेतावनीले धेरैलाई आश्चर्यचकित पारेको छ। अमेरिकी निर्वाचनमा युवाहरूको भावना र भूमिकालाई महत्वपूर्ण मानिन्छ।

अमेरिकी प्रतिनिधि सभाका सभामुख माइक जोनसनले मतदानपछि भन्नुभयो, "आजको मतदानमा संसद्भित्रका दलहरूबीचको एकताले चीनले अमेरिकीहरूमाथि जासुसी गर्ने र छलछाम गर्ने प्रयासको विरोध गरेको देखाउँछ र हाम्रा शत्रुहरूलाई रोक्ने हाम्रो सङ्कल्पलाई सङ्केत गर्दछ।"

उहाँले भन्नुभयो, "म सिनेटलाई पनि यो विधेयक पारित गर्न र राष्ट्रपतिलाई पठाउन आग्रह गर्दछु ताकि उहाँले यसलाई कानूनको रूपमा मान्यता दिन हस्ताक्षर गर्न सक्नुहुनेछ।"

यो विधेयकको बिषय सिनेटबाट अनुमोदन हुन अझै बाँकी छ। अमेरिकी राष्ट्रपति जो बाइडनले उक्त विधेयक संसद्बाट पारित भएर आए त्यसमा हस्ताक्षर गर्ने बताउनुभएको ह्वाइट हाउसले जनाएको छ।

"यो प्रक्रिया गोप्य थियो र विधेयकलाई एउटा कारणले जाम गरिएको थियो: यो प्रतिबन्ध हो," टिकटकका प्रवक्ताले एक विज्ञप्तिमा भन्नुभएको छ।

"हामी आशावादी छौं सिनेटले तथ्यहरू विचार गर्नेछ, उनीहरूका घटकहरूलाई सुन्नेछ र ७० लाख साना व्यवसायहरू र हाम्रो सेवा प्रयोग गर्ने १७ करोड अमेरिकीहरूसँगको प्रभाव र अर्थव्यवस्थामा पर्ने असर महसुस गर्नेछ।

मतदानपछि टिकटकका प्रमुख कार्यकारी अधिकृत शो जी च्यूले संयुक्त राज्य अमेरिकामा एपका प्रयोगकर्ताहरूलाई आफ्ना सिनेटरहरूसहित आफ्ना कथाहरू बोल्न र साझा गर्न आग्रह गरेका थिए।

सामाजिक सञ्जाल एक्समा पोस्ट गरिएको एक भिडियोमा उहाँले भन्नुभयो, "हामी यो अद्भुत प्लेटफर्मको सुरक्षाका लागि हाम्रो कानुनी अधिकारको प्रयोगसहित सबै कार्य जारी राख्नेछौं।"

"हामीलाई विश्वास छ हामी (टिकटक र यसका प्रयोगकर्ता) मिलेर यस अवरोधको अवस्थालाई पार गर्न सक्छौं। आफ्नो संवैधानिक अधिकारको रक्षा गर्नुहोस्। तपाईहरू आफ्ना आवाजहरूलाई अमेरिकी जनता र विश्वसामु सुनाउन कानुनी सङ्घर्ष जारी राख्नुहोस्।"

सिनेटमा विधेयकलाई पारित गर्न सिनेट नेता चक शुमरको समर्थन आवश्यक रहेको छ। उहाँले विधेयक सदनबाट पारित भएपछि मात्र सिनेटले कानूनको 'समीक्षा' गर्नेछ बताउनुभएको छ।

टिकटकको मूल कम्पनी बाइटडान्सले १८० दिनभित्र एप बिक्री गर्न वा अमेरिकामा एप्पल र गुगल एप स्टोरबाट प्रतिबन्धित बन्नुपर्नेछ।

## चिनियाँ उत्पादनमा मूल्य वृद्धि

बेइजिङ, १ चैत (रासस/सिन्ह्वा)।

चीनको तथ्याङ्कीय अधिकारीहरूले अनुगमन गरेका अधिकांश पुँजीगत वस्तुहरूमा फेब्रुअरीको अन्त्यको तुलनामा मार्चको सुरुमा उच्च मूल्य देखिएको सरकारी तथ्याङ्कले बिहीबार देखाएको छ।

स्टिल ट्युब, पेट्रोल, कोइला, मल र केही रसायनसहित नौ श्रेणीमा वर्गीकरण गरिएका ५० प्रमुख वस्तुमध्ये २७ वस्तुमा यस अवधिमा उच्च मूल्य देखिएको, २१ वस्तुको मूल्य घटेको र दुई उत्पादनको मूल्य यथावत रहेको राष्ट्रिय तथ्याङ्क विभागले जनाएको छ।

यस अवधिमा सुँगुरको मासुको मूल्य ४.४ प्रतिशतले बढेको तथ्याङ्कले देखाएको छ। हरेक १० दिनको अन्तरालमा सार्वजनिक हुने यो तथ्याङ्क देशभरका ३१ वटा प्रान्तीय स्तरका क्षेत्रका करिब दुई हजार थोक बिक्रेता तथा वितरकको सर्वेक्षणमा आधारित छ।

## सिङ्गापुरमा ८८ हजारभन्दा बढी नयाँ रोजगारी सिर्जना

सिङ्गापुर, १ चैत, (रासस/सिन्ह्वा)।

सन् २०२३ मा सिङ्गापुरको कूल रोजगारी ८८ हजार ४०० ले वृद्धि भएको श्रम मन्त्रालयले बिहीबार सार्वजनिक गरेको श्रम बजार प्रतिवेदनले देखाएको छ।

नयाँ रोजगारीको अवसर पाउनेमध्ये ८३ हजार ५०० गैर-आवासीय र चार हजार ९०० स्थानीय रहेका छन्।

सिङ्गापुरका बासिन्दाहरूको लागि अधिकांश नयाँ रोजगारीको अवसर निर्माण, विनिर्माण र वित्तीय सेवाजस्ता उच्च-भुक्तानीका क्षेत्रमा रहेको देखिएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनअनुसार सन् २०२३ को डिसेम्बरसम्ममा सिङ्गापुरमा आप्रवासी घरेलु कामदारबाहेक अन्य ३७ लाखभन्दा बढी कामदार कार्यरत छन्।

सन् २०२२ मा छ हजार ४४० रहेको व्यक्तिको रोजगारी कटौती भएकोमा सन् २०२३ मा यो सङ्ख्यामा वृद्धि भई १४ हजार ५९० पुगेको छ। गत बर्ष सिङ्गापुरको दीर्घकालीन बेरोजगारी दर ०.७ प्रतिशतमा स्थिर रहेको थियो।

# मन्दिरभित्रको मूर्ति तोडफोड गरेको आरोपमा एक पक्राउ

**दैनिक समाचारदाता**
**सर्लाही, १ चैत ।**

सर्लाहीको मलंगवामा मन्दिरभित्र पसेर मूर्ति तोडफोड गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मलंगवा नगरपालिका ८ बस्ने ३३ वर्षीय राकेश बैठा रहेका छन् ।

मंगलवार साँझ मलंगवा ८ स्थित राजदेवी मन्दिर र वडा नं. ९ स्थित रहेको झिलमिलियामाइ मन्दिरमा तोडफोड भएको थियो ।

घटनापछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । लगत्तै जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरी टोलीले घटनास्थलमा भेट्टाएको प्रमाणका आधारमा बैठालाई पक्राउ गरेको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रवक्ता तथा सूचना अधिकारी एसपी श्याम कुमार महतोले बताए ।

मुलुकी अपराध संहिता २०७४ को परिच्छेद ९ को धर्म सम्वन्धी कसुरमा धार्मिकस्थल वा पवित्र मानिएको स्थानलाई क्षति पुऱ्याए धर्म सम्वन्धी कसुरमा अधिकतम पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।

# इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार राई कुवेतबाट पक्राउ

काठमाडौं, १ चैत (रासस) ।

लागुऔषध खैरो हेरोइन मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका एकजना फरार प्रतिवादी कुवेतबाट पक्राउ परेका छन् । पक्राउ पर्नेमा इलाम नगरपालिका-१२ घर भएका २९ वर्षीय रोशन राई रहेका केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिनुभयो ।

उहाँका अनुसार निजलाई एनसिबी कुवेतको समन्वयमा कुवेतमा पक्राउ गरी सम्बन्धित मुद्दामा कारबाही गर्ने/गराउने प्रयोजनार्थ बिहीबार नेपाल फिर्ता ल्याइएको हो ।

इलाम नगरपालिका-९ ठेगाना भएका २५ वर्षीय विकास बसेलसमेत तीनजनालाई अवैध लागुऔषध खैरो हेरोइन ३७ ग्राम पाँच सय मिलीग्राम र डिजिटल तराजु एक थानसहित गत साउन २६ गते काठमाडौंका विभिन्न स्थानबाट पक्राउ गरेको प्रहरीले जनाएको छ ।

थप अनुसन्धान एवं सोधपुछका क्रममा उक्त लागुऔषधको कारोबारमा रोशन राईसमेतको संलग्नता रहेको खुल्न आएपछि अन्तर्राष्ट्रियस्तरमा खोजतलास एवं पक्राउ गर्नका लागि नेशनल सेन्ट्रल ब्यूरो (एनसिबी) काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट गत पुस २५ गते उनीविरुद्ध रेड नोटिस जारी भएको प्रवक्ता ढकालले बताउनुभयो । पक्राउ परेका राईलाई आवश्यक अनुसन्धान एवं कारबाहीका लागि लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरमा बुझाइएको प्रहरीले जनाएको छ ।

बालिकालाई विभिन्न किसिमको प्रलोभनमा पारी वेश्यावृत्तिमा लगाउने कार्यमा संलग्न रहेको अभियोगमा प्रहरीले एक जना खाजा घरका सञ्चालकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौं गोकर्णेश्वर नगरपालिका-५ शिवचोकस्थित कालिञ्चोक स्टाफ होटल तथा खाजाघरका सञ्चालक उदयपुर बेलका नगरपालिका-५ ठेगाना भएका ३८ वर्षीय हिरन राई रहेको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिनुभयो ।

उहाँका अनुसार खाजाघरमा बालिकालाई वेश्यावृत्तिमा लगाउने गरेको भन्ने सूचनाका आधारमा मानव बेचबिखन अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न राईलाई मङ्गलवार पक्राउ गरी बिहीबार सार्वजनिक गरेको हो ।

उक्त स्थानबाट नाबालिकासहित दुई जनालाई प्रहरीले उद्धारसमेत गरेको र पक्राउ परेका राईउपर मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट सात दिन म्याद थप अनुमति लिइएको प्रवक्ता ढकालले बताउनुभयो । उहाँले भन्नुभयो, "उक्त विषयमा थप आवश्यक अनुसन्धान गर्नुका साथै घटनामा संलग्न अन्य अभियुक्तको समेत प्रहरीले खोजी गरिरहेको छ ।"

राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०८०/०८१
च.न. १२४८

मिती :– २०८०।१२।०१

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं.२ हाल १ वस्ने दिलीप कुमार चौधरी समेतले तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०८०।१२।०१ गते मा द.न.११५३ को निवेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तमसिल

जिल्ला सप्तरी रा.बि.न.पा.वा.नं.२ हाल १ वस्न बुदुर चौधरी नाउ दर्ताको जग्गाहरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | १क | ६५४ | ०–०–६ |
| सप्तरी | चनौरा पडरीया | २ | ८५४ | ०–०–६ |
| सप्तरी | चनौरा पडरीया | २ | ८५५ | ०–०–६ |
| सप्तरी | चनौरा पडरीया | २ | ३४९ | ०–०–१३ |
| सप्तरी | चनौरा पडरीया | १क | ७०६ | ०–४–० १/२ |

चन्द्र शेखर चौधर
वडा अध्यक्ष २०८०।१२।१
रा.बि.न.पा.वडा नं.-१

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

# मृत्युपछि अङ्गदान गर्न स्वास्थ्यमन्त्री यादवको सुझाव

काठमाडौं, १ चैत (रासस) ।

उपप्रधानमन्त्री तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादवले मृत्युपछि अङ्गदान गर्न सबैलाई सुझाव दिनुभएको छ । विश्व मिर्गौला दिवसका अवसरमा वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रलगायतले बिहीबार गरेको प्रभातफेरि कार्यक्रममा उहाँले मरेर जाने शरीरका अङ्ग अरुलाई काम लाग्यो भने यसले जीवन बचाउन सक्ने बताउनुभयो ।

उपप्रधानमन्त्री यादवले आफूले पनि यसअघि नै अङ्गदान गरिसकेको उल्लेख गर्दै अङ्गदानले जीवनलाई सार्थक बनाउने र यस्तो पुण्य काममा लाग्न सबैलाई आग्रह गर्नुभयो । "मरेर जाने अङ्ग अरुलाई दान गर्दा केही बिग्रँदैन", उहाँले भन्नुभयो, "मृत मस्तिष्क (ब्रेनडेथ) भएको अवस्थामा निकालिएको अङ्गले धेरैको जीवन बचाउन सक्छ ।" मिर्गौला दानबारे जनचेतना जगाउनुपर्नेमा कुरामा समेत उपप्रधानमन्त्री यादवले जोड दिनुभयो ।

रत्नपार्कको शान्ति बाटिकाबाट सुरु भएकोप्रभातफेरि भृकुटीमण्डप, सहिदगेट हुँदै त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा पुगेर समापन गरिएको थियो । प्रभातफेरिमा अङ्गदाता, अङ्ग प्रत्यारोपित, चिकित्सकलगायतको सहभागिता रहेको थियो ।

# नागरिकता हराएको सूचना

जिल्ला सप्तरी हनुमाननगर कंकालिनी नगरपालिका वडा नं १४ निवासी मिथलेश कुमार रजकको नामबाट जारि भएको १६-०१-७७-०१४१२ नं. को नेपाली नागरिकता २०८० चैत १ गते भूमिसुधार तथा मालपोत कार्यालय राजविराज अगाडीबाट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८२९७२९०६२ मा सम्पर्क गरि बुझाइदिनु हुन हार्दिक अनुरोध छ ।

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*